DAO Kathmandu Regd. No. 39/057/058

# नेपाल सौर्य विद्युत उत्पादक संघ
## Solar Electric Manufacturers Association Nepal

SEMAN

च.नं. : ०१९८/२०७२-०७३

वैशाख २४, २०७३
May 06 2016

प्रमुख ज्यु/कार्यकारी निर्देशक ज्यु/प्रवन्ध निर्देशक ज्यु
सौर्य उर्जा ब्यवसायि/कम्पनि

विषय: साधारण सदस्यता खूला गरिएको सम्बन्धमा ।

महोदय,

नेपाल सौर्य विद्युत उत्पादक सघं नेपालका विभिन्न भागमा रहेका सौर्य विद्युत उत्पादकहरुको छाता संगठन भएको यहांलाई अवगत नै छ । सौर्य विद्युत उत्पादकहरुको छाता संगठन भएका कारणले यस संघ ले आफ्ना सदस्य कम्पनि, निति निर्माणगर्ने निकायहरु र लाभान्वित वर्गका विचमा समन्वय गर्दै पुर्णरुपमा भेदभाव रहित तरिकाले तटस्थ रुपमा आफ्नो जिम्मेवारी निभाउदै आएको छ । वि.सं. २०५७ साल श्रावण २० गते विधिवत दर्ता भई स्थापना भएको यस संघमा हाल नेपाल अधिराज्यका सौर्य उर्जा क्षेत्रमा कार्यरत १०७ कम्पनी आबद्ध छन् र यस संघले देशको ७५ वटै जिल्लामा आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ । यस संघले आफ्ना सदस्यहरु मार्फत हाल सम्म ६,००,००० भन्दा बढि घरेलु सौर्य उर्जा प्रणालि, १,५०० भन्दा बढि संस्थागत र सौर्य खानेपानि प्रणालिहरु जडान गरिसकेको छ ।

साथै, यस क्षेत्रको लागि आवश्यक दक्ष जनशक्ति ब्यवस्थागर्न संघले संघ र संघका सदस्य मार्फत आफ्ना सदस्य कम्पनिहरुमा कार्यरत र खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी हाल सम्म ५,००० भन्दा बढि सहभागीहरुलाइ सौर्य विद्युत सम्बन्धि विभिन्न तहको तालिम प्रदान गरी दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने तथा अवश्यकता अनुसार CTEVT/NSTB द्वारा बाट प्रमाणिकरण गर्न समन्वय समेत गर्ने गरेको व्यहोरा अवगत गराउन चाहान्छौं ।

सौर्य उर्जा क्षेत्रमा कार्यरत सम्पुर्ण ब्यवसायीहरु, लाभान्वित वर्ग र सरोकारवालाहरुको हकहितका लागि कार्य गर्नु यस संघको मुल उद्येश्य रहेको र सोहि अनुरुप कार्य गरिरहेको यहाँहरुलाई अवगत नै छ । यस संघले नेपाल सरकार/मन्त्रालय तथा विभाग, विभिन्न दातृ निकाय र सम्पुर्ण सरोकारवालाहरुसंग प्रत्यक्ष रुपमा सौर्य उर्जाका सम्बन्धमा छलफल, अन्तरक्रिया र समयानुकुल निर्णयहरु गरी प्रभावकारी कार्यान्वयन गराउन उलेखनिय भुमिका निर्वाह गर्दै आईरहेको छ । सौर्य उर्जाको बिषयमा व्यापक रुपमा बहस गरी कसरी यस क्षेत्रको दिगो बिकाश गर्न सकिन्छ भन्ने कुरामा यस संघ दृढ भएर अघी बढ्नेमा पनि यहाँलाई बिश्वस्त पार्न चाहान्छौ ।

यसै सन्दर्भमा समष्ट सौर्य उर्जाको दिगो विकास, बजार विविधिकरण र यस क्षेत्रमा समानता ल्याउन सौर्य उर्जा क्षेत्रमा समर्पित भएका सम्पूर्ण साना तथा ठूला व्यवसायीहरुलाई संघमा आबद्ध गर्दै एक सशक्त र खोजमुलक सघंको रुपमा अगाडी बढाउने यस संघको रणनिती अनुरुप सौर्य उर्जा क्षेत्रमा कार्यरत सम्पुर्ण ब्यवसायीहरुलाई एउटै छातामुनी अटाउने पहल स्वरुप यस संघको सदस्यता लिन इच्छूक आवदेक कम्पनि/ब्यावसायिहरुलाई आवश्यक प्रकृया पुरागरी सहज र सरल रुपमा संघको साधारण सदस्यता प्रदान गर्न संघ दत्तचित्त रहेको सहर्ष जानकारी गराउँदै यस संघको साधारण सदस्यता प्राप्तगरी लाभान्वित हुन प्रोत्साहन गर्दछौं । धन्यवाद ।

भवदिय,

Solar Electric Manufacturers Association Nepal SEMAN ★ 2057 ★

कृष्ण पराजुली
महासचिव

पत्राचार ठेगाना : पोष्ट बक्स नं. : १९०९१, महाराजगञ्ज -३, काठमाडौं, नेपाल, फोन नं. : ००९७७-१-४४३२१०३, ४४३७४९९ फ्याक्स नं. : ००९७७-१-४४३२१०३
Mailing Address P.O. Box : 19091, Maharajgunj -3, Kathmandu, Nepal, Telephone No. : 00977-1-4432103, 4437499, Fax No.: 00977-1-4432103
Web Site : www.semannepal.org.np, E-mail : seman@ntc.net.np